प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मिति:२०७५/०५/०१

प्रेस विज्ञप्ति

मुलुकमा मुलुकी ऐन प्रतिस्थापन भई मुलुकी संहिताहरु (देवानी, फौजदारी लगायतका) लागू भएको अवसरमा आज मिति २०७५ भाद्र १ गते गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा मुख्यमन्त्री माननीय पृथ्वी सुव्बा गुरुङको अध्यक्षता र प्रदेश प्रमुख माननीय बाबुराम कुँवरज्यूको प्रमुख आतिथ्यतामा उच्च अदालत पोखराका मुख्य न्यायाधीश मा.कुमार चुडाल सहित उच्च अदालत र जिल्ला अदालतका मा. न्यायाधीशज्यूहरुको समेत आतिथ्यतामा प्रदेशका सबै माननीय मन्त्रीज्यूहरु, प्रदेश र जिल्ला स्थित सबै सरकारी निकाय, वार एशोसिएसन, कानूनका प्राध्यापक, सुरक्षा निकायहरु, पत्रकार, समाजसेवी र कर्मचारीहरुको व्यापक सहभागीतामा वृहत् विशेष कार्यक्रम सम्पन्न भयो ।

सामाजिक विधि व्यवहारलाई वदलिदो सामाजिक आवश्यकता अनुरुप उक्त संहिताहरुको माध्यमबाट नियमन गर्ने क्रममा कार्यक्रममा झै सबैको रचनात्मक सल्लाह सुझाव र सहभागिता रहने अपेक्षा सहित सबैको सकारात्मक भूमिकाका लागि गण्डकी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय हार्दिक आव्हान गर्दछ । कार्यक्रममा सहयोग पुर्याउनु हुने सबैमा आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

२०७५/०५/०१

(ध्रुव गिरी)
प्रवक्ता
उप सचिव